# बिश्रामपुर गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

मधेश प्रदेश नेपाल

पत्र संख्याः-२०७९/०८०

मितिः-२०७९/१२/२७

च.न. ६६०

बिषय :- पोषण सुधारका लागि बिपन्न महिला समुहमा आय आर्जनका लागि अनुदान सम्बन्धि प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत रहेको बहुक्षेत्रीय पोषण शाखाबाट आ.व.२०७९/०८० मा संचालन हुने स्वीकृत कार्यक्रम अनुसार पोषण सुधारको लागि बिपन्न महिला सहकारी वा समुहले आय आर्जनको लागि एकमुष्ठ अनुदान दिने कार्यक्रम रहेकोले इच्छुक महिला सहकारी / समुहले महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण योजना सम्बन्धि आयमुलक कार्यक्रम संचालन कार्यविधि २०७७ बमोजिम देहयाका कागजात संलग्न गरि सूचना प्रकाशित भएको मितिले १५(पन्द्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु :-**

१.महिला समुह वा महिला सहकारी संस्थाको निवेदन (प्रतिबद्धता समेत)

२.महिला समुह वा महिला सहकारी संस्थाको एक बैठकको निर्णयको प्रतिलिपि

३.महिला समुह वा महिला सहकारीमा भएको सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४.महिलाहरु मात्र सदस्य भएको

५.आ.व. २०७८/०७९ को लेखा परिक्षणको प्रतिवेदन

६.आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र

७.महिला सहकारी वा महिला समुह दर्ता/नबिकरण प्रमाणपत्रको प्रतिलिपि (महिला समुहको हकमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको तथा महिला सहकारीको हकमा यस गाउपालिकामा दर्ता भएको)

**छनौटका आधारहरु :-** महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण योजना सम्बन्धि आयमुलक कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ७ बमोजिम हुनेछ ।

नोट : बिशेष जानकारीको लागि सम्पर्क न.:- ९८४५६८२४०४ ।

**बोधार्थ :-**

श्री विश्रामपुर गाउपालिका अध्यक्ष ज्यु (जानकारीका लागि)

श्री विश्रामपुर गाउपालिका उपध्यक्ष (जानकारीका लागि)

श्री विश्रामपुर गाउपालिका (सूचना तथा प्रबिधि शाखा) सुचना बेवसाइटमा अपलोड गरि दिनु हुन

श्री वडा कार्यालय सबै

........................................

सुधन लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

**ई. सुधन लामिछाने**

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner